नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

पाठ्यक्रम विकास केन्द्र,सानोठिमी, भक्तपुर

**विभिन्न मसलन्द तथा कार्यालय सामानहरु आपूर्ति गर्ने सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना**

(प्रथम पटक सूचना प्रकाशित मिति २०८१/०९/२८)

यस केन्द्रलाई आ.व. २०८१/८२ का लागि आवश्यक पर्ने विभिन्न मसलन्द तथा कार्यालय सामानहरु आपूर्ति गनुपर्ने भएकोले इच्छुक र इजाजतप्राप्त फर्म/कम्पनीले देहाय बमोजिमको शर्तहरुको अधीनमा रही रीतपूर्वक सिलबन्दी दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

१. सिलबन्दी दरभाउपत्रसम्बन्धी कागजात सूचना प्रकाशित भएको मितिले १५ औं दिन कार्यालय समयभित्र कोष तथा लेखा नियन्त्रक कार्यालय भक्तपुरको नाममा नेपाल बैंक लिमिटेड, कमलविनायक भक्तपुरमा रहेको राजस्व खाता नं. ००१०१००००००००१००१००१, कार्यालय कोड ३५००२३३०१, राजस्व शीर्षक १४२२९ मा दरभाउपत्र दस्तुर रु १०००।- (एक हजार रुपियाँ) जम्मा गरेको सक्कल बैंक भौचर सहित फर्म/संस्था/कम्पनीको लिखित निवेदन, फर्म दर्ता, भ्याट/प्यान दर्ता प्रमाणपत्रको प्रतिलिपि, नागरिकता प्रमाणपत्रको प्रतिलिपि, आ.व. २०८०/८१ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि पेस गरी यस केन्द्रको आन्तरिक प्रशासन शाखाबाट खरिद गर्न सकिने छ ।

| सिलबन्दी दरभाउपत्र नं. | कामको विवरण | दरभाउपत्र फाराम दस्तुर रु.(फिर्ता नहुने गरी) | दरभाउपत्र जमानत रकम रु. |
|---|---|---|---|
| SQ/01/CDC/2081-82 | विभिन्न मसलन्द तथा कार्यालय सामानहरु आपूर्ति गर्ने | रु. १,०००।- | २६,८००।- |

२. सिलबन्दी दरभाउपत्र फाराम सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १२.०० बजेभित्र सिलबन्दी गरी यस केन्द्रको आन्तरिक प्रशासन शाखामा दर्ता गराई सक्नु पर्नेछ ।

३. रीतपूर्वक दर्ता हुन आएका सिलबन्दी दरभाउपत्रहरु सूचना प्रकाशित भएको मितिले १६ औं दिन दिनको २.०० बजे केन्द्रको आन्तरिक व्यवस्थापन शाखामा उपस्थित फर्म/कम्पनी र अन्य प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ । तर कम्पनीको प्रतिनिधिहरु उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

४. सिलबन्दी दरभाउपत्र कागजात खरिद गर्ने र पेस गर्ने अन्तिम दिन तथा खोल्ने दिन सार्वजनिक बिदा परेमा त्यसपछिको कार्यालय खुलेको दिनलाई अन्तिम दिन तथा सिलबन्दी दरभाउपत्र खोल्ने दिन मानिनेछ।

५. सिलबन्दी दरभाउपत्र साथ रु. २६,८००।-(अक्षरेपी छब्बीस हजार आठ सय मात्र) रकम बराबरको यस केन्द्रको नाममा जारी भएको बिडबण्ड वा कोष तथा लेखा नियन्त्रक कार्यालय भक्तपुरको नाममा नेपाल बैंक लिमिटेड, कमलविनायक भक्तपुरमा रहेको धरौटी खाता नं. ०१९०१००००००२००३००००००१, कार्यालय कोड ३५००२३३०१ मा रकम जम्मा गरेको सक्कलै बैंक भौचर संलग्न हुनु पर्नेछ। विडवण्डको हकमा सिलबन्दी दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिले ७५ (पचहत्तर) दिनसम्मको मान्य अवधि (भ्यालिडिटी पिरियड) भएको हुनु पर्नेछ ।

६. दरभाउपत्रदाताको ग्राह्यताको आधार तथा त्यस्तो आधार प्रमाणित गर्न दरभाउपत्रदाताले सिलबन्दी दरभाउपत्रसाथ देहायका कागजात पेश गर्नुपर्नेछ ।

(क) फर्म/संस्था/कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि वा व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि

(ख) मूल्य अभिवृद्धि कर र स्थायी लेखा नम्बरमा दर्ता प्रमाणपत्रको प्रतिलिपि

(ग) दरभाउपत्रदाताले खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारबाहीमा स्वार्थ नबाझिएको र सम्बन्धित पेसा वा व्यवसाय सम्बन्धी कसुरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा गरेको स्वघोषणाको सक्कल प्रति

(घ) आ.व.२०८०।८१ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि

(ङ) फर्म/कम्पनीले आधिकारिक रुपमा प्रतिनिधि नियुक्त गरेको सक्कलै पत्र ।

७. दरभाउपत्र फाराम बुझाउँदा सिलबन्दी गरी खामको बाहिर "पाठ्यक्रम विकास केन्द्रको लागि विभिन्न मसलन्द तथा कार्यालय सामानहरु आपूति गर्ने सम्बन्धी दरभाउपत्र २०८१" भनी स्पष्टसँग उल्लेख गर्नु पर्नेछ ।

८. यसै सूचनाको बुँदा ६ बमोजिमका कागजात संलग्न नभएको, विभिन्न सर्तहरु उल्लेख गरेको, दरभाउपत्र सम्बन्धी कागजातमा दरभाउपत्रदाताले उल्लेख गर्नुपर्ने विवरणहरु पूर्ण रुपमा उल्लेख नगरेको र र सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ बमोजिम रीत नपुगी आएको दरभाउपत्रहरु उपर कुनै कारवाही गरिने छैन ।

९. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस केन्द्रमा निहित रहने छ ।

१०. माथि उल्लेखित सर्तहरु बाहेक अन्य कुराहरु दरभाउपत्र फाराम एवं प्रचलित कानुन अनुसार हुनेछ ।

११. यस सम्बन्धी थप कुराको जानकारी आवश्यक परेमा कार्यालय खुलेको समयभित्र केन्द्रको आन्तरिक प्रशासन शाखामा सम्पर्क राख्न सकिनेछ ।